निर्णय पुस्तिका- बैठक संख्याः७ मितिः२०७७/०६/ २८

आज मिति २०७७ साल असोज २८ गते बुधवारका दिन आमचोक गाउँपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत(ईं०) | श्री वासुदेव डंगोली | |
| २१ | स्वास्थ्य संयोजक | श्री शान्तिनारायण चौधरी | |
| २२. | सहयोगी | श्री मनोज कार्की | |

प्रस्तावहरुः

१. शुभकामना सम्वन्धमा ।
२. एखुवाखोला लघुजलविद्‌युत आयोजनाको म्याद थप सम्वन्धमा ।
३. जग्गा दाताको विवरण संकलन सम्वन्धमा ।
४. गर्भवती महिला एम्वुलेन्स सेवा सम्वन्धमा ।
५. वाल कल्याण अधिकारी तोक्ने सम्वन्धमा ।
६. पशु सेवा औषधि न्यूनतम शुल्क लिने सम्वन्धमा ।
७. आर्थिक सहयोग सम्वन्धमा ।
८. चियापान तथ शुभकामना कार्यक्रम ।
९. वजार सरसफाइ सम्वन्धमा ।
१०. स्वास्थ्य संस्था संचालन सम्वन्धमा ।

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै वडा दशै र दिपावली २०७७ को पावन अवसरमा आमचोकवासी तथा सवै नेपालीहरुलाई सुःख शान्ति,समृद्‌धि र उत्तर-उत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने निर्णय गरियो

२. उपरोक्त प्रस्ताव न् २ माथि छलफल भै आमचोक गाउँपालिका क्षेत्रमा हाउजिङ एण्ड हाइड्र एण्ड सर्भिस कम्पनि प्रा.लि.ले विद्‌धुत सामाग्रीहरुको निर्माण जडान आपूर्ती र सप्लाइको काम ठेक्का सम्झौत भै गरिरहेकोमा सम्झौताको अन्तिम मितिमा सम्झौता वमोजिम कामको केहि अंश सम्पन्न वाँकी रहेकोले म्याद थपका लागि प्राप्त निवेदन र वैक जमानत समेतका आधारमा मिति २०७७/०६/२९ देखि मिति २०७७/०८/१३ गते सम्म ४५ दिनको म्याद थप गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिका क्षेत्र भित्र सरकारी प्रयोजनका लागि सरकारी कार्यालय वा संस्थाहरुलाई जग्गा दान गर्ने जग्गादाताहरुलाई सम्मान गर्न विवरण संकलन गर्ने निर्णय गरियो

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाका स्वास्थ्य चौकी-प्रसुति गृहवाट आकस्मिक रुपमा अन्य सुविधायुक्त अस्पतालमा प्रेषण गर्दा प्रति -१ विपन्न परिवारका गर्भवति महिला (विरामी)लाई स्वास्थ्य चौकीको रेफरल कार्ड र रेफर भई गएको अस्पतालमा उपचार गराएको प्रमाण र सम्वन्धित वडा कार्यलयको विपन्नता सिफारिसका आधारमा रु २०००।०० स्वास्थ्य तर्फको सशर्त अनुदानको परिवार कल्याण कार्यक्रम- मातृ तथा नवशिशु कार्यक्रम शिर्षकको वजेटवाट भुक्तानी हुने गरि आवश्यक व्यवस्था गर्ने साथै गर्भवती महिलालाई आमचोक गाउँपालिकाको एम्वुलेन्स मार्फत आमचोक पालिका भित्रका कुनै पनि प्रसुति गृहमा ल्याउदा, लैजादा लाग्ने एम्वुलेन्स सेवा शुल्क छुट गर्ने निर्णय गरियो ।

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भैं वालवालिका ऐन २०७५ मा भएको व्यवस्थानुसार वाल अधिकारको सम्मान संरक्षण र सम्वर्धन गर्न तथा वाल संरक्षण कार्य समेत गर्नको लागि यस पालिकाको वाल कल्याण अधिकारी तथ्यांक अधिकृत धनकुमार राईलाई तोक्ने गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पशुसेवा शाखा तथा अन्तर्गतका कार्यालयवाट किसानलाई हालसम्म निशुल्क रुपमा वितरण गरिदै आएको पशु पंक्षिसम्वन्द्ध औषधि तपशिल वमोजिमको न्यूनतम शुल्क लिई वितरण गर्ने लिर्णय गरियो ।

तपशिलः

१. भेडा वाख्रा प्रति गोटा रु ५
२. गाईभैसी प्रति गोटा रु १०
३. प्रति वंगुर रु ५
४. प्रति कुखुरा रु २

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका कार्यालय एवं संस्थामा निःशुल्क रुपमा लामो समय विद्युतको उपभोग भएको र लघु जलविद्युत समिति, बुबाखोलाको व्यवस्थापन गरि निरन्तर विद्युत प्रवाह गर्न कर्मचारीको पारिश्रमिकका लागि सहयोग माग भै आएकोमा रु ७२,०००।०० सहयोग गर्ने निर्णय गरियो । यसै साथ गाउँपालिकाका विभिन्न कार्यालयमा नयाँ विद्युत लाइन जडान गर्दा लाग्ने जडान शुल्क प्रति कार्यालय रु १५,०००।०० का दरले रु ७५,०००।०० माग भएकोमा सो जडान शुल्क छुटका लागि उक्त समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै वडादशै, दिपावली तथा छठ पर्व २०७७ को अवसरमा चियापान तथा शुभकामनाका कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

९. उपरोक्त प्रस्ताव नं ९ माथि छलफल भै दशै पर्वको पुर्वसंध्यामा सवै वडा कार्यालयको मुख्य वजार क्षेत्र र पालिकाको कार्यालय रहेको वालांखा वजार क्षेत्रमा सवै सरोकारवालाको सहभागीमा सरसफाइ कार्यक्रम गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै आमचोक गाउँपालिकाका सवै स्वास्थ्य संस्था दशै तथा दिपावलीको सार्वजनिक विदाका दिनमा १ जना स्वास्थ्य कर्मचारीवाट संचालन गर्ने र कार्यालयको सुरक्षा र रेखदेखसमेतका लागि खटाइने कर्मचारी-१ समेतलाई सो वापत प्रतिदिन रु १०००।०० का दरले खाजा खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमाणित गरिएको

२०७७।६।२८ २०७७।६।२८

प्रमुख प्रशासकीय अधिकृत | अशोक राई
| अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं प्रदेश